# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः ०२ मितिः २०८०।०१।०३

## भाग-२

**सम्बत् २०८० सालको कार्यविधि नं २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको माछापुच्छ्रे गाउँपालिकाको **"सामुदायिक विद्यालय समायोजन तथा मिलान कार्यविधि, २०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सामुदायिक विद्यालय समायोजन तथा मिलान कार्यविधि, २०८०

**प्रस्तावना:**

माछापुच्छ्रे गाउँपालिका क्षेत्र भित्र प्रारम्भिक बाल कक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन दुई वा दुई भन्दा बढी विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) र गाउँ शिक्षा नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालय समायोजन तथा मिलान कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "गाउँपालिका " भन्नाले माछापुच्छ्रे गाउँपालिका कास्कीलाई सम्झनुपर्छ।

(२) "कार्यपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(३) "शिक्षा समिति" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनुपर्छ।

(४) "अध्यक्ष" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माछापुच्छ्रे गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(६) "शाखा" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ।

(७) "शिक्षा अधिकृत" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा सो कार्य गर्न तोकिएको व्यक्ति सम्झनुपर्छ।

(८) "सामुदायिक विद्यालय" भन्नाले माछापुच्छ्रे गाउँपालिका र छिमेकी स्थानीय तह अन्तर्गत रहेका नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालय सम्झनु पर्छ।

(९) "सामुदायिक विद्यालय समायोजन" भन्नाले माछापुच्छ्रे गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयको समायोजन सम्झनुपर्छ।

(१०) "दरवन्दी" भन्नाले नेपाल सरकारवाट स्वीकृत स्थायी, राहत र संख्या गणनाको लागि अनुदान कोटामा कार्यरत कोटा सम्झनुपर्दछ।

## परिच्छेद- २
## विद्यालय समायोजनको प्रक्रिया

**३. विद्यालय समायोजनको (मापदण्ड) आधारहरू:**

(१) **प्रारम्भिक बाल विकास केन्द्रको हकमा** एक केन्द्रबाट अर्को केन्द्र सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा १ किलोमिटर भन्दा कम भएमा यस उपदफाको अवस्था देखिएमा बढी विद्यार्थी संख्या भएको केन्द्रमा कम विद्यार्थी संख्या भएको केन्द्रमा गाभिने छ।

**(२) कक्षा १ देखि ३ संचालित विद्यालयको हकमा**

(क)एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम भएमा,

(ख)कक्षा १ देखि ३ सम्म प्रति कक्षा औषत पाँच जना भन्दा कम विद्यार्थी संख्या भएमा

(ग) खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा १ देखि ३ समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा गाभिनेछ।

(घ) यस गाउँ पालिकाको १ – ३ संचालित कुनै विद्यालयबाट कच्ची सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम दुरीमा छिमेकि स्थानीय तह अन्तर्गत कक्षा १- ३ संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा वाल विकास केन्द्र मात्र कायम रहनेछ। सो विद्यालयको सम्पति कार्यपालिकाले निर्णय गरी गाउँपालिकाको अन्य विद्यालयमा व्यवस्थापन गर्नेछ।

(ङ) खण्ड घ बमोजिमको विद्यालयमा दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ।

(च) खण्ड ख बमोजिमको आधार दुबै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ।

(छ) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको १-३ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालय पुनः संचालन गर्न सकिनेछ।

**(३) कक्षा ४ देखि ५ संचालित विद्यालयको हकमा**

(क) कक्षा ४ -५ संचालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम भएमा,

(ख)कक्षा ४ देखि ५ सम्म प्रति कक्षा औषत ५ जना भन्दा कम विद्यार्थी संख्या भएमा,

(ग) खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा ४ देखि ५ समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा गाभिनेछ।

(घ) (घ)यस गाउँ पालिकाको ४-५ संचालित कुनै विद्यालयबाट कच्ची सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम दुरीमा छिमेकि स्थानीय तह अन्तर्गत कक्षा ४-५ संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा कक्षा १ – ३ कायम रहने सो विद्यालयको सम्पति कार्यपालिकाले निर्णय गरी गाउँपालिकाको अन्य विद्यालयमा व्यवस्थापन गर्नेछ।

(ङ) खण्ड घ बमोजिम समायोजित विद्यालयमा बढी दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ।

(च) खण्ड ख बमोजिमको आधार दुबै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ।

(छ) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको ४ -५ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालय पुनःसंचालन गर्न सकिनेछ ।

(ज) अन्यत्र जे लेखिएको भएतापनि उपदफा २ बमोजिम कक्षा १-३नरहने विद्यालयमा कक्षा ४ – ५ रहने छैन ।

( ४ ) **कक्षा ६ – ८ संचालित संचालित विद्यालयको हकमा**

(क) कक्षा ६-८ संचालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम भएमा,

(ख) कक्षा ६ देखि ८ सम्म प्रति कक्षा औषत पाँच जना भन्दा कम विद्यार्थी संख्या भएमा,

(ग) खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा ६ देखि ८ समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा गाभिनेछ ।

(घ) यस गाउँ पालिकाको ६-८ संचालित कुनै विद्यालयबाट कच्ची सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम दुरीमा छिमेकी स्थानीय तह अन्तर्गत कक्षा ६-८ संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा कक्षा १-५ कायम रहनेछ। सो विद्यालयको सम्पति कार्यपालिकाले निर्णय गरी गाउँपालिकाको अन्य विद्यालयमा व्यवस्थापन गर्नेछ ।

(ङ) खण्ड घ बमोजिम समायोजित विद्यालयमा बढी दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ ।

(च) खण्ड ख बमोजिमको आधार दुबै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ ।

(छ) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको ६-८ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालय पुनः संचालन गर्न सकिनेछ ।

(ज) अन्यत्र जे लेखिएको भएतापनि उपदफा २ र ३ बमोजिम कक्षा १-३ र ४-५ नरहने विद्यालयमा कक्षा ८ सम्म संचालन भएको भए कक्षा ६-८ रहने छैन अन्यथा कक्षा ६- १० वा ६-१२ रहनेछ ।

**(५)कक्षा ९-१० संचालित संचालित विद्यालयको हकमाः**

(झ) कक्षा ९-१० संचालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ३ किलोमिटर भन्दा कम भएमा,

(ञ) कक्षा ९ देखि १० सम्म प्रति कक्षा औषत दश जना भन्दा कम विद्यार्थी संख्या भएमा,

(ट) (ग)खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा ९ देखि १० समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा गाभिनेछ ।

(ठ) यस गाउँ पालिकाको ९ – १० संचालित कुनै विद्यालयबाट कच्ची सडकबाट मापन गर्दा ४ किलोमिटर भन्दा कम दुरीमा छिमेकी स्थानीय तह अन्तर्गत कक्षा ९-१० संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा कक्षा १-८ कायम रहनेछ।

(ड) खण्ड घ बमोजिम समायोजित विद्यालयमा बढी दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ ।

(ढ) खण्ड ख बमोजिमको आधार दुबै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ ।

(ण) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको ६-८ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालयको ९-१० पुनः संचालन गर्न सकिनेछ ।

(त) अन्यत्र जे लेखिएको भएतापनि उपदफा २, ३ र ४ बमोजिम कक्षा १-३, ४-५ र ६-८ नरहने विद्यालयमा कक्षा ९-१० रहने छैन ।

**( ६ ) कक्षा ११-१२ संचालित संचालित विद्यालयको हकमा,**

(क) कक्षा ११-१२ संचालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ३ किलोमिटर भन्दा कम भएमा,

(ख) कक्षा ११ देखि १२ सम्म प्रति कक्षा औषत १० जना भन्दा कम विद्यार्थी संख्या भएमा,

(ग) खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा ११ देखि १२ समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा गाभिनेछ ।

(घ) यस गाउँ पालिकाको ११-१२ संचालित कुनै विद्यालयबाट कच्ची सडकबाट मापन गर्दा ३ किलोमिटर भन्दा कम दुरीमा छिमेकी स्थानीय तह अन्तर्गत कक्षा ११-१२ संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा कक्षा १- १० कायम रहनेछ ।

(ङ) खण्ड घ बमोजिम समायोजित विद्यालयमा बढी दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ ।

(च) खण्ड ख बमोजिमको आधार दुबै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा कार्यपालिकाको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिनेछ ।

(छ) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको ११-१२ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालयको ११-१२ पुनः संचालन गर्न सकिनेछ।

(ज) अन्यत्र जे लेखिएको भएतापनि उपदफा २,३,४ र ५ बमोजिम कक्षा १-३, ४-५,६-८ र ९-१० नरहने विद्यालयमा कक्षा ११- १२ रहने छैन ।

(७) दुरी मापन गर्दा गाउँपालिकाको प्राविधिक जनशक्तिले सहयोग गर्नुपर्नेछ।

(८) जम्मा विद्यार्थी संख्या विद्यालय खुलेको दिनमा उपस्थित विद्यार्थी गणना गरी यकिन गरिएको संख्यालाई मानिनेछ ।

(९) यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख भएको भएतापनि एक शैक्षिक सत्रमा आवश्यकता अनुसार एक तह मात्र (१-३, ४-५,१-५, ६-८, ९-१० वा ११-१२ ) समायोजन हुनेछ ।

(१०)यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालय मध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसङ्ख्यालाई सेवा पुर्याएका तर आधारभूत (कक्षा १-३ वा १-५ वा १-८) विद्यालयका रूपमा सञ्चालन गर्नका लागि कार्यविधिमा तोकिए बमोजिमका न्यूनतम आधारहरू पनि पुरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ ।

११) माध्यमिक तह (कक्षा ९-१० वा ९-१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुनेछ ।

क. विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा नियमावली र यस निर्देशिकाको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा भएमा गाउँपालिकाले निर्णय प्रकृयामा सरलीकृत गर्नेछ ।

ख. विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन गाउँपालिकाले सम्बन्धित निकायहरूसंग समन्वय र सहकार्य गर्नेछ ।

(१२) गाउँपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गर्न सक्नेछ ।

**(१३ ) विद्यालय समायोजनका थप आधारहरू:**

शिक्षा नियमावली २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँ शिक्षा समितिले दुई वा दुईभन्दा बढी सामुदायिक विद्यालयहरुलाई गाभी एउटा विद्यालयमा कायम गर्न वा स्थान परिवर्तन गर्न वा तह तथा कक्षा घटाउदा विद्यालयको सेवा क्षेत्रको भौगोलिक बनोटलाई पनि विशेष ख्याल गरिनेछ |

## परिच्छेद- ३
## शिक्षक दरवन्दी समायोजन

**१४)विद्यालय समायोजन पश्चात विद्यालयमा रहने दरवन्दी सङ्ख्या:**

(१) न्यूनतम रुपमा विद्यालयमा देहायबमोजिम दरबन्दी रहने गरी व्यवस्थापन गरिनेछ ।

i. प्रारम्भिक बाल विकास केन्द्र कक्षा सञ्चालित विद्यालयः न्यूनतम १ दरबन्दी ( २५ भन्दा बढी विद्यार्थी भएमा समुह छुट्याई सिकाई सहजीकरण गर्न २ जना)
ii. १५ भन्दा कम विद्यार्थी संख्या भएको केन्द्रमा २ जना बाल विकास सहजकर्ता भएमा अन्य केन्द्रमा सहजकर्ता समायोजन गरिनेछ ।
iii. अन्य कक्षाहरुको हकमा संघीय शिक्षा नियमावली अनुसार शिक्षक दरबन्दी राखिनेछ |

(१५) कुनै विद्यालयको कुनै कक्षामा ४० भन्दा बढी विद्यार्थी सङ्ख्या भई सेक्सन छुट्याउनु पर्ने भएमा प्रति थप सेक्सन १ जनाको दरले शिक्षक उपलब्ध गराइनेछ।

(१६) यस कार्यविधि अनुसार दरबन्दी मिलानको निर्णय कार्य प्रत्येक वर्ष फागुन महिनामा सकेर आगामी वैशाखको पहिलो हप्ता शिक्षक नयाँ विद्यालयमा हाजिर हुने गरि कार्य गर्नुपर्दछ।

(१७) संघीय सरकारवाट प्राप्त दरवन्दी र अनुदानको आधारमा दरवन्दी मिलान गर्दा विद्यालयमा शिक्षक संख्या अपुग भएमा गाउँपालिकाले आफ्नो अनुदानमा व्यवस्थापन गर्न सक्नेछ ।

(१८) विद्यालय समायोजन र मिलानको निर्णय पछि विद्यालयले गाउँपालिकाको अनुदानबाट खर्च हुने गरी शिक्षक नियुक्ति गर्न सक्ने छैनन् र नियुक्ति गर्न आवश्यक देखिएमा आवश्यकताको पहिचान गरि पालिकाले शिक्षक नियुक्ति गर्नेछ |

(१९) कार्यरत गाउँपालिकाको अनुदान अन्तर्गतका शिक्षकलाई योग्यता र प्राथमिकताका आधारमा कुनै विद्यालयमा कार्यालय सहयोगी, बाल विकास सहजकर्ता वा लेखापालमा समेत व्यवस्थापन गर्न सकिनेछ।

(२०) समायोजित विद्यालयको कार्यालय सहयोगीले चाहेमा समायोजन गर्ने विद्यालयमा सेवा निरन्तरता दिन सक्नेछ।

## परिच्छेद- ४
## समायोजन हुने वा गाभिएका विद्यालयको नामाकरणः

(२१) दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभीएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ तर नियमावलीको नियम ७० को विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राख्नुपर्नेछ।

क. समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले स्थानीय निकाय र गाउँपालिकाको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्यकता अनुसारका अन्य कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

ख. समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न गाउँपालिकाले अनुमति दिन सक्नेछ।

## परिच्छेद- ५
## भौतिक, शैक्षिक व्यवस्थापन सम्बन्धी व्यवस्था

### (२२) विद्यालय समायोजन पछि गर्नु पर्ने भौतिक व्यबस्थापनः

(१) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ।

(२) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवश्यक कारबाहीका लागि विद्यालय व्यवस्थापन समितिले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ।

(३) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले गाभिने विद्यालयमा योजना सहित पेश गर्नुपर्नेछ ।

(४) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति वडा/गाउँ शिक्षा समितिको सिफरिसमा कार्यपालिकाले निर्णय गरि नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउनेछ ।

(२३) **विद्यालय समायोजन पछि गर्नु पर्ने शैक्षिक व्यबस्थापनः**

(१) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइए पछि विद्यालयमा आवश्यक्ता भन्दा बढी भएका शिक्षकलाई गाउँ शिक्षा समितिले पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ ।

(२) गाभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरूमा आवश्यकताका आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार पदस्थापना गरिनेछ ।

(३) विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत सङ्ख्या गाउँपालिकाको पुलमा रहने छ । त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई गाउँपालिकाभित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पुर्वाधार पूरा भएको खण्डमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ ।

(२४) **विद्यालय समायोजन पछि गर्नु पर्ने अन्य व्यबस्थापनः**

विद्यालय समायोजन पछि समायोजन भई जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिनेछ। समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गरि सो अनुदान कोटा गाउँपालिकाको पुलमा राखिनेछ । सो वडामा वा नजिकको वडाको कुनै विद्यालयको उही पदको कर्मचारीको पद अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फजिलमा रहेका कर्मचारीलाई व्यवस्थापन गरी पुलमा रहेको अनुदान कोटा स्वतः खारेजी हुनेछ ।

## परिच्छेद- ५

## विद्यालय समायोजन सम्बन्धी गाउँपालिका अन्तर्गतका निकायहरूको भूमिकाः

**(२५) विद्यालय व्यवस्थापन समितिको भूमिकाः**

विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनि आफ्नो विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज हुने गरी नजिकको विद्यालयमा समायोजन गर्ने तथा तह वा कक्षा घटाउने निर्णय गर्ने वा गाउँ शिक्षा समितिलाई राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ

**(२६ ) प्रधानाध्यापकको भूमिकाः**

(१) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरूको अन्तर्क्रिया, भेला तथा जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई विद्यालय समायोजन तथा मिलान सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि क्रियाशील बनाउने कार्यक्रम सञ्चालन गरी प्रगती विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**(२७ ) वडा समितिको भूमिका:**

(१) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो वडाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने ।

(२) वडा समितिले वडाभित्र विद्यालय समायोजन र दरबन्दी मिलानको अवस्था विश्लेषण गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्न सिफारिस गर्नु पर्नेछ ।

**(२८) गाउँ शिक्षा समितिको भूमिका:**

(१) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो गाउँपालिका भित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने ।

(२) विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्वन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न निर्णय गर्ने ।

(३) विद्यालय व्यवस्थापन समिति र विद्यालयहरूसँग परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ र गाउँ शिक्षा नियमावली२०७५ ले दिएको अधिकार प्रयोग गरी तथा यस निर्देशिकामा भएको व्यवस्था र शर्तका आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान गर्ने ।

## परिच्छेद- ६

## विद्यालय समायोजनका लागि गरिने प्रक्रियागत चरणहरु

(२९) विद्यालय समायोजनका लागि कार्यपालिकाले समायोजन सिफारिस गर्न एक निम्नानुसारको कार्यदल गठन हुनेछ ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. | सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ग. | शिक्षक महासंघ प्रतिनिधि | सदस्य |
| घ. | सम्बन्धित वडाको अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| ङ. | शिक्षा समिति सदस्य(अध्यक्षले तोकेको२ जना ) | सदस्य |
| च. | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

क. कार्यदलले पालिका भित्रका विद्यालयहरुको अवस्था तथ्याङ्क अध्ययन गरी विश्लेषण गर्ने ।

ख. समायोजनका लागि विद्यालयहरुको तोकिएको अनुसुची अनुसारको स्थलगत अनुगमन गरी अध्ययन गर्ने ।

ग. विद्यालयका सरोकारवालाहरुः वि.व्य.स.,शि.अ.सं.,शिक्षक, अभिभावक, स्थानीय बुद्धिजिवी आदीसँग अन्तरक्रिया गरी सुझाव संकलन गर्ने।

घ. समायोजन गर्ने गराउने विद्यालयहरुका सम्बन्धित विद्यालय सेवाक्षेत्रका सरोकारवालाहरुको भेला सहितको अनुसुची १ मा उल्लेखित विवरण भरी प्रमाणित गरी पेश गर्न लगाउने

ङ. शिक्षा समितिको राय र सिफारिसका आधारमा कार्यपालिकाको बैठकबाट समायोजन, तह,कक्षा घटाउने निर्णय गर्ने।

## परिच्छेद- ६

## विविध

(३०) समायोजन भएको विद्यालयको प्रारम्भिक बालविकास केन्द्रमा विद्यार्थी भएमा गाभ्न बाध्य हुने छैन, तर नगाभिएको अवस्थामा समायोजन भएको विद्यालयको मातहतमा रहि कार्य गर्नुपर्नेछ।

(३१) विद्यार्थी संख्या कम भई गाभिएका विद्यालयले तोकिएको विद्यार्थी संख्या पुगेको पूनः विद्यालय सञ्चालन गर्ने चाहेमा यस कार्यविधि बमोजिम सर्त पुगेको ठहर भएमा पून सञ्चालन अनुमति पाउनेछ।

( ३२) समायोजन हुँदा प्रधानाध्यापक संघीय र पालिकाको नियमावली अनुसार नै हुनेछ।

(३३) गाभिएको विद्यालयको भौतिक पूर्वाधारको संरक्षणको काम सम्बन्धित वडा र गाउँपालिकाको हुनेछ।

(३४) **व्याख्याः** यस कार्यविधिमा कुनै कुरा अस्पष्ट वा दुविधा भएमा प्रचलित कानुन र कार्यापालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

(३५) **संशोधनः** यस कार्यविधिमा भएका कुनै व्यवस्था हेरफेर र संशोधन शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले गर्ने सक्नेछ।

(३६) **बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै वाधा अवरोध आएमा त्यस्तो अवरोध फुकाउने प्रयोजनको लागि कार्यपालिकाले यस कार्यविधिको संसोधन गरी बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**(३७) खारेजी तथा बचाउः**

क. यस अघि भएका समायोजन यसै कार्यविधि बमोजिम भएको मानिने छ।

ख. यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

परिच्छेद -८

## अनुसुचीहरु

अनुसूची–१

**समायोजन गर्ने / गराउने विद्यालयले पेस गर्ने यथार्थ विवरण सहितको निवेदन**

श्रीमान अध्यक्ष ज्यू
गाउँ शिक्षा समिति, माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय ,
लाहाचोक, कास्की

**विषयः विद्यालय समयोजन गर्नका लागि कागजात पेस गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा ........................................................... विद्यालयलाई समायोजन गरिदिनु हुन निम्न विवरणहरु संलग्न गरी पेस गरिएको छ।

विद्यालयकोनामः .....................................................................................................

ठेगानाः माछापुच्छ्रे गाउँपालिका वडा नं. ............. टोल........................ ,कास्की

हालसञ्चालिततह,रककक्षाः...........................................................................................................

विद्यालयको हालको विवरणः

**(१) शैक्षिक विवरणः**

**(क) शैक्षिक जनशक्तिको अवस्था**

| प्रकार/ तह | माध्यमिक | निम्नमाध्यमिक | प्राथमिक | साविक उमावि | राहत | बालविकास सहजकर्ता | विद्यालय सहायक | विद्यालय सहयोगि |
|---|---|---|---|---|---|---|---|---|
| स्वीकृत सङ्ख्या | | | | | | | | |
| हाल कार्यरत सङ्ख्या | | | | | | | | |

**( ख) विद्यार्थी विवरणः ( इमिस विवरण अनुसार विगत ३ शैक्षिक सत्रको )**

| कक्षा | | बालविकास | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**( ग) शैक्षिक उपलब्धि विवरणः गत ३ शैक्षिक वर्षको )**

| वर्ष | कक्षा | बालविकास | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | औषत सिकाई उपलब्धि दर | | | | | | | | | | | | | |
| | कक्षा दोहोऱ्याउने दर | | | | | | | | | | | | | |
| | छाडने दर | | | | | | | | | | | | | |
| | भर्नादर नया विद्यार्थी मात्र | | | | | | | | | | | | | |
| | औषत सिकाई उपलब्धि दर | | | | | | | | | | | | | |
| | कक्षा दोहोऱ्याउने दर | | | | | | | | | | | | | |
| | छाडने दर | | | | | | | | | | | | | |
| | भर्नादर नया विद्यार्थी मात्र | | | | | | | | | | | | | |
| | औषत सिकाई उपलब्धि दर | | | | | | | | | | | | | |
| | कक्षा दोहोऱ्याउने दर | | | | | | | | | | | | | |
| | छाडने दर | | | | | | | | | | | | | |
| | भर्नादर नया विद्यार्थी मात्र | | | | | | | | | | | | | |

**(२) भौतिक अवस्थाः**

जग्गाको क्षेत्रफलः दर्ता भएको...................................... दर्ता नभएको .........................

जम्मा भवन सङ्ख्याः ..................... जम्मा मध्ये कच्ची संख्या ......... जम्मा मध्ये पक्की ................

जम्मा कोठा सङ्ख्याः................प्रयोगको अवस्था........कक्षाकोठाको रुपमा कोठा.......कार्यालय प्रयोजन कोठा..........पुस्तकालय कोठा ................

सूचना प्रविधि............. विज्ञान प्रयोगशाला........... भण्डार ................ अन्य कोठाहरुको संख्या........

खेल मैदानको क्षेत्रफलः .............................

खानेपानीः...................... शौचालय.....................

कम्पाउण्ड गेट................................................

**(३) आर्थिक अवस्थाः**

विद्यालयको नाममा रहेका बैंकका नाम र खाता नम्बर

(क)...........................................................................................

(ख) ...............................................................................................

(ग) ...............................................................................................

(घ) .................................................................................................

गत आ.व. को लेखा परिक्षण प्रतिवेदन अनुसाको अवस्थाः

जम्मा आम्दानी रू.......................................................... जम्मा खर्च रू....................................................................... जम्मा बैंक मौज्दात रू........................................ व्यक्ति संस्था नगद मौज्दात रू...........................................................

अक्षयकोषः

(क) अक्षयकोषको नामः.......................................................... रकम रू.................................................

(ख) अक्षयकोषको नामः.......................................................... रकम रू.................................................

(ग) अक्षयकोषको नामः.......................................................... रकम रू.................................................

(घ) अक्षयकोषको नामः.......................................................... रकम रू.................................................

**जिन्सी सामग्रीहरुः**

जिन्सी सामग्रीहरुको जिन्सी दाखिला  खाता अनुसार पेस गर्नेः

१) खप्ने जिन्सी

२) नखप्ने जिन्सी

(४) व्यवस्थपकीय अवस्थाः

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नाम, थर र ठेगानाः

| क्र.स. | पद | नाम थर | ठेगाना | गठन प्रक्रिया | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |

शिक्षक अभिभावक संघका पदाधिकारीहरुको नाम, थर र ठेगानाः

| क्र.स. | पद | नाम थर | ठेगाना | गठन प्रक्रिया | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |

**समायोजन गर्ने / गराउने को विद्यालयको नाम र ठेगानाः**

समायोजनगर्नुपर्नेकारणः..........................................................................................................
............................................................
..........................................................................................................................................

**विद्यालयको अनुमति र स्वीकृति मितिः**

| विद्यालयको तह/ कक्षा | अनुमति मिति | स्वीकृति मिति | कैफियत |
|---|---|---|---|
| प्राथमिक (१-३) | | | |
| प्राथमिक (४-५) | | | |
| निम्नमाध्यमिक (६-८) | | | |
| माध्यमिक ( ९-१०) | | | |
| माध्यमिक (११-१२) | | | |

समायोजनका लागि पेस गर्नु पर्ने कागजातहरुः

१) समायोजनका लागि विद्यालय सेवाक्षेत्रका सरोकारवाला र अभिभावकहरुको भेलाको निर्णयको प्रमाणित प्रतिलिपी

समायोजनको लागि पेस गर्ने प्रधानाध्यापको–
सहीः
नामः
विद्यालयः
मितिः

# समायोजन गर्न गठित कार्यदलको सिफारिस

आज मिति ............................का दिनमा ...............................पालिका को विद्यालय समायोजन गर्न बनेको कार्यविधि २०७९ अनुसार गठित समायोजन कार्यदलको बैठक कार्यदलका संयोजक श्री ......................................को अध्यक्षता तपसिल अनुसारका कार्यदलका सदस्यहरुको उपस्थितिमा विद्यालय समायोजन सम्बन्धमा देहाय अनुसार सिफारिस गरियो।

तपसिलः

उपस्थितिः

श्री..........................................................................गाउँपालिका अध्यक्ष संयोजक

श्री......................................................................सामाजिक विकास समितिको संयोजक

श्री......................................................................शिक्षक महासंघ प्रतिनिधि सदस्य

श्री.........................................................सम्बन्धित नं... वडाको अध्यक्ष वा प्रतिनिधि सदस्य

श्री .................................................................शिक्षा शाखा प्रमुख सदस्य

निर्णयहरुः

यस ................................पालिका वडा नं.......... स्थित श्री ................................................विद्यालय ......................................पालिका वडा नं............................... स्थित श्री …………………………… विद्यालयमा समायोजन गराइदिन भनि प्राप्त निवेदन उपर यस कार्यदल र गाउँ शिक्षा समितिको मिति .....................................................को स्थल गत प्रतिवेदन, समायोजन गर्न चाहने .................................पालिका वडा नं........... स्थित श्री .................................................विद्यालय र समायोजन गराउन चाहाने .................................पालिका वडा नं.......... स्थित श्री ................................................विद्यालयका विद्यालय व्यवस्थापन समिति, सम्बन्धित वडा कार्यालयको सहमति सहितका पत्र सहितका कागजात अध्ययन गर्दा यस ..........................पालिकाको विद्यालय समायोजन गर्न बनेको कार्यविधि २०७९ बमोजिम .................................पालिका वडा नं.......... स्थित श्री ................................................विद्यालयलाई .................................पालिका वडा नं........... स्थित श्री ...............................................विद्यालयमा समायोजन गर्न सिफारिस गरिएको छ ।

कार्यालयको छाप

**कार्यदल संयोजकको**

सहीः

नामः

मितिः

मूल्यः रु. २५।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की